"कृषि, पर्यटन र व्यापारः समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

𑐣𑐩𑑀𑐧𑐸𑐡𑑂𑐢 𑐣𑐐𑐬𑐥𑐵𑐮𑐶𑐎𑐵

ན་མོ་བུདྡྷ་ ན་གར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : २०८३/०८४
चलानी नं. : ३६८

मितिः २०८३/०५/१७
ने.सं. ११४६ गुंलागा

---

विषयः <u>विपद् सम्बन्धमा कार्यपालिका बैठकबाट भएको निर्णय</u>।

मिति २०८३ भदौ १० गते बुधवार बिहान ८:४० बजे भोटेकोशी नदीमा आएको भिषण तथा विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन लगायतका आसपासका क्षेत्रमा भएको जनधनको क्षति, जनजीवनमा परेको असर र सम्भावित जोखिमलाई मध्यनजर गर्दै नमोबुद्ध नगरपालिकाको नगर कार्यपालिका बैठकबाट पिडितहरुको उद्धार, राहत, पुनर्स्थापना तथा दिर्घकालिन पूर्व तयारीका सम्वन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो।

१. मिति २०८३ भदौ १० गते बुधबार बिहान ८:४० बजे भोटेकोशी नदीमा आएको भिषण तथा विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन लगायतका विभिन्न जिल्ला तथा स्थानहरुमा भएको ठुलो जनधनको क्षतिप्रति गहिरो दु:ख व्यक्त गर्दै उक्त प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउनुभएका सम्पूर्ण मृतकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने, का साथै शोकसन्तप्त परिवारजनहरुमा गहिरो समवेदना प्रकट गर्ने साथै, घाइते तथा विपदमा परेका सम्पूर्ण नागरिकहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने।
२. उद्धार, राहत, पुनर्स्थापना लगायत विपद् व्यवस्थापन तथा न्यूनीकरणका कार्यमा प्रयोग गर्न यस नगरपालिकाको निर्वाचित जनप्रतिनिधिज्यूहरुको १ महिना सेवासुविधा साथै कार्यरत कर्मचारीहरुको मासिक सुरु तलव स्केलको श्रेणीविहिन कर्मचारीहरुको २ दिन, राजपत्र अनंकित वा सो सरहका कर्मचारीहरुबाट ५ दिन र राजपत्रांकित तृतीय र द्वितीय श्रेणी वा सो सरहका कर्मचारीहरुबाट ७ दिनको गरी रकम रु. २७,५०,००० (अक्षेरुपी सताईस लाख पचास हजार) प्रधानमन्त्री दैविक प्रकोप उद्धार कोषमा उपलब्ध गराउने।

सुषमा महता के.सी.
प्रमुख प्रशासकीय अधिकृत

"कृषि, पर्यटन र व्यापारः समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

नमोबुद्ध नगरपालिका

ན་མོ་བུདྡྷ་ ན་གར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेसी, काभ्रेपलान्चोक

बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : २०८३/०८४

चलानी नं. : 360

मितिः २०८३/०५/१७

ने.सं. ११४६ गुंलागा

३. बाढी प्रभावित क्षेत्रमा यस नगरपालिकाको सम्पर्कविहीन हुनुभएका नगरवासीहरूको खोज, उद्धार तथा राहत प्रक्रियालाई थप प्रभावकारी र व्यवस्थित बनाउन नगरपालिकाले आधिकारिक विवरण संकलन गर्ने र सो सम्बन्धमा सम्बन्धित निकायहरुसँग समन्वय गर्ने।

यस प्राकृतिक विपत्तिको समयमा आवश्यक समन्वय, सहकार्य र सहयोग गर्नका लागि नमोबुद्ध नगरपालिका सदैव तत्पर रहेको प्रतिबद्धता व्यक्त गर्दछौं।

Sinu 2083/5/16

..............................

(सुषमा महता के.सी.)

प्रमुख प्रशासकीय अधिकृत